नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग
बबरमहल, काठमाडौं

**मितिः २०८१।०५।३१**

## खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिको पहिलो वैठक सम्वन्धी

## प्रेस नोट

नेपाल सरकारले खाद्य ऐन २०२३ खारेज गरि "खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१" नेपाल राजपत्रमा मिति २०८१/०१/२३ गते प्रकाशन गरि सार्वजनिक गरि सो मिति देखी ९१औं दिन बाट लागु हुने व्यवस्था अनुरुप मिति २०८१/०४/१९ देखी लागु भएको सो ऐनको दफा ५ मा खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिको व्यवस्था रहेको छ । यस समितिको पहिलो वैठक मिति २०८१/०५/३० गते समितीका अध्यक्ष कृषि तथा पशुपन्छी विकास मन्त्रालयका श्रीमान सचिव डा. दीपक कुमार खरालज्यूको अध्यक्ष्यता मा विभागको सभाकक्षमा सम्पन्न भयो ।

उक्त वैठकमा समितिका सदस्यहरु उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालयका सहसचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका सहसचिव, कृषि तथा पशुपन्छी मन्त्रालयका सहसचिव डा. हरि वहादुर केसी, वन तथा वातावरण मन्त्रालयका सहसचिव, नेपाल उद्योग वाणिज्य महासंघका प्रतिनिधि, नेपाल कृषि अनुसन्धान परिषदका वरिष्ठ वैज्ञानिक डा. रोमन कार्की, समितिको सदस्य सचिव तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागका महानिर्देशक सन्जीव कुमार कर्ण तथा उपमहानिर्देशक सोमकान्त रिजाल तथा विभागका कर्मचारीहरुको उपस्थिती रहेको थियो । उक्त वैठकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागवाट खाद्य वस्तुको स्तर निर्धारण सम्वन्धी ऐनमा रहेका प्रावधानहरु, सिफारिस समितिको काम कर्तव्य अधिकार, स्तर निर्धारण प्रकृया तथा विभागले विगतमा स्तर निर्धारण सम्वन्धी गरेका कामहरुको वारेमा प्रस्तुती भएको थियो । प्रस्तुती पश्चात समितिका सदस्यहरुले आफ्नो आफ्नो धारणा राखी छलफल गरिएको थियो ।

उक्त वैठकलाइ सम्वोधन गर्दै श्रीमान सचिव ज्यूवाट विभिन्न निर्देशन हरु भएका थिए । खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ कार्यान्वनका लागी खाद्य नियमावलीको मस्यौदा गरि मन्त्रालयवाट गठिन प्राविधिक समितिमा छलफल गरि सिघ्रताका साथ नियमावली तर्जुमा सम्वन्धी कार्य सम्पन्न गर्ने साथै स्तर निर्धारणको क्रममा रहेका छुर्पी र मस्यौराको मापदण्ड स्विकृतीका लागी मन्त्रीपरिषदमा पेश गर्न निर्देशन दिनु भयो ।

श्रीमान सचिवज्यूवाट चाडपर्व नजिकिदै जाँदा खाद्य वस्तुको गुणस्तर तथा स्वच्छतामा हुन सक्ने अवान्छित कृयाकलापहरु लाइ कानुनी दायरामा ल्याउन विभाग तथा मातहतका संपुर्ण कार्यालयहरु वाट अनुगमनमा तिव्रता दिइ निर्देशन भयो । वजार अनुगमनका लागी राज्यका तिनै तहहरु लाग्नु पर्ने आवश्यकता भएकोले विभागवाट आवश्यक समन्वयका लागी पहल गर्न निर्देशन गर्नु भयो ।

यसैगरी हाल विभागमा रहेको मोवाइन प्रयोगशाला भ्यान चाडो भन्दा चाँडो संचालनमा ल्याई ठाँउको ठाँउ खाद्य वस्तुहरुको स्थलगत परिक्षण गरि उपभोक्ता स्वास्थको रक्षा तथा उपभोक्ता हितमा राज्यवाट भएको लगानीको सदुपयोग गर्न विभागलाइ निर्देशन गर्नु भयो । मोवाइल भ्यानहरुलाइ राजधानी केन्द्रित, पुर्व पश्चिम राजमार्ग केन्द्रित, उपत्यका छिर्ने वाटोहरुमा रहेका भोजनालयहरु केन्द्रित, तथा देशका विभिन्न महानगरहरु केन्द्रित गरि चलाउन निर्देशन दिनु भयो । राज्यवाट भएको लगानीको सदुपयोग गर्न विभागलाइ सचेत गराउनु भयो ।

यसै गरि खाद्य स्वच्छता तथा गुणस्तर ऐन २०८१ कार्यान्वनका लागी हाल विभागमा भएको जनशक्ती अपुग रहेको वुझिएको साथै समय सन्दर्भ अनुरुप खाद्य स्वच्छता कायम गर्न खाद्य स्वच्छता व्यवस्थापन प्रणाली लाइ सुदृढ वनाउन जनशक्ती पुनरावलोकनका लागी संगठन संरचना तथा दरवन्दी विवरण सम्वन्धी सर्भे गरि आवश्यक जनशक्ती प्रस्ताव पेश गर्न निर्देशन दिनु भयो ।

अन्त्यमा खाद्य स्वच्छता तथा गुणस्तरको विषय वहुआयामीक विषय भएकोले यस संग संवद्ध सरोकारवालाहरु जस्तै उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, भन्सार प्रशासन, मन्त्रालय मातहतकै कृषि विभाग, पशुसेवा विभाग, विषादी व्यवस्थापन केन्द्र लगायतका निकायहरु संग समन्वय गरि खाद्य स्वच्छता कायम गर्न एकिकृत कार्ययोजना तयार गरि कार्यान्वयन गर्न विभागलाई निर्देशन दिनु भयो ।

समितीवाट प्राप्त निर्देशनहरु खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले शिघ्र क्रमैसंग पालना गर्ने प्रतिवद्धता विभागका महानिर्देशक संजीव कुमार कर्णले व्यक्त गर्नु भयो ।

## खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिको वैठकका केही तस्विरहरुः



